Laxmi Laghubitta Bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.
(लक्ष्मी बैंक लि.को सहायक कम्पनी)
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्ग (राष्ट्रियस्तर) को इजाजतपत्रप्राप्त वित्तीय संस्था)

प.स.एलएक्सएलबी /कस/२०८०/८१ /१५०२

मिति २०८०/०९/०२

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौं ।
नेपाल ।

**विषय : वित्तीय विवरण तथा लाभांश सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८०/०९/०१ गते आईतवार दिउँसो ३:१५ वजे वसेको १६९औं बैठकको निर्णय अनुसार संस्थाको २०८० आषाढ मसान्तको वासलात, आ.व. २०७९/८० को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा तत्सम्वन्धी अनुसूचिहरु स्वीकृत गरी २०८० आषाढ मसान्तमा कायम रहेको वितरण योग्य मुनाफालाई सञ्चित गरी आ.व. २०७९/८० को लागि लाभांश वितरण नगर्ने निर्णय भएको व्यहोरा अनुरोध छ ।

साथै सञ्चालक समितिबाट पारित आ.व. २०७९/८० को बार्षिक वित्तीय विवरणहरु साधारण सभा प्रयोजनको लागि प्रकाशन गर्न नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतिको लागि पेश गर्ने निर्णय भए अनुसार नेपाल राष्ट्र बैंकबाट स्वीकृती पश्चात साधारण सभा प्रयोजनको लागि प्रकाशन गरिने व्यहोरा समेत अनुरोध छ । सञ्चालक समितिबाट पारित वित्तीय विवरणहरु नेपाल राष्ट्र बैंकबाट स्वीकृत भै आगामी वार्षिक साधारण सभाबाट पारित भएपश्चात लागु हुनेछ ।

भवदीय,

(सुन्दर प्रसाद श्रेष्ठ )
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

**वोधार्थ :**
१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन बिभाग, बालुवाटार, काठमाण्डौं ।
३. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाण्डौं ।
४. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
५. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलीसडक, काठमाण्डौं ।
६. श्री लक्ष्मी क्यापिटल मार्केट लि. काठमाण्डौं ।

केन्द्रीय कार्यालय: कपन मार्ग, महाराजगञ्ज, काठमाण्डौं, फोन नं. ०१- ४३७३६०४, ४३७०५४८, फ्याक्स नं.: ०१-४३७४२३४, ईमेल:: info@laxmilaghu.com.np
Central Office: Kapan Marg, Maharajgunj, Kathmandu, Nepal, Tel: 01-4373604, 4370548, Fax: 01-4374234, email: info@laxmilaghu.com.np